*“...सिक्न चाहने जति सवैका लागि”*

**हाम्रो प्रतिवद्धता तपाईलाई**

**हाम्रो उद्देश्य**

इमिली ग्रिफिथ टेक्निकल कलेजको उद्देश्य श्रमशक्तिमा सफलतापूर्वक प्रतिस्पर्धा गर्न तथा आत्मनिर्भर नागरिकहरु आजीवन सिकारु वन्नमा विद्यार्थीहरुलाई सक्षम वनाउने ज्ञान, सीप र मूल्यमान्यताहरु बिद्यार्थीहरुलाई प्रदान गर्नु हो ।

**हाम्रो कल्पना**

हाम्रो कल्पना श्रमशक्तिका लागि पेशागत र प्राविधिक शिक्षा प्रदान गर्नमा एउटा उत्कृष्टतम प्रमुख कलेजको रुपमा सेवा गर्नु हो ।

**हाम्रो मूल्यमान्यताहरु**

हामी उत्कृष्टताका लागि प्रतिवद्ध छौं : एउटा गुणस्तरीय शैक्षिक संस्थाले व्यक्तिहरु जे जस्ता छन् त्यस्तै अवस्थामा उनीहरुलाई स्वीकार गर्दछ र उनीहरु जेजति सम्म सर्वोत्कृष्ट हुन सक्दछ सो हुनमा उनीहरुलाई सहयोग गर्दछ । तीव्र गतिमा भैरहेको प्रविधि परिवर्तन संग हामी आफ्नो गति मिलाउदछौं तथा एउटा नवीन प्रयोगशील नेता वन्नमा हरसम्म प्रयास गर्दछौ जहाँ सृजनात्मकतालाई प्रशंसाका साथ लिइन्छ । सम्भव भए सम्मको सर्वोत्कृष्ट शैक्षिक वातावरणमा सर्वोत्कृष्ट शैक्षिक अवसरहरुको विकास गर्न र तिनीहरुलाई कायम राख्न हामी प्रयासरत रहन्छौं ।

**इमिलि ग्रिफिथ टेक्निकल कलेज**
१२५० वेलटन स्ट्रिट
डेनभर, सिओ ८०२०४
७२०–४२३–४७००
**EmilyGriffith.edu**

# विद्यार्थीको आचारसंहिता

• Opportunities For All Who Wish To Learn •

Emily Griffith
TECHNICAL COLLEGE

# *विद्यार्थीको आचारसंहिता*

इमिली ग्रिफिथ टेक्निकल कलेजले सुरक्षित पठनपाठनको लागि प्रेरक र अनावश्यक विथोल्याइवाट मुक्त शैक्षिक वातावरण प्रदान गर्ने चाहना राख्दछ । अन्य विद्यार्थीहरुको विद्यालयका कर्मचारीहरुको हित र सुरक्षामा खति पुऱ्याउने व्यवहारवाट अन्य विद्यार्थीहरुलाई शैक्षिक अवसरहरु प्राप्त गर्ने विद्यालयको क्षमतामा दखल पुऱ्याउने व्यवहारहरुलाई अवाञ्छनीय मानिने छ ।

आचारसंहिता उलंघन गरेको भेटिएमा विद्यार्थीहरुलाई प्रशिक्षक वा सुपरीवेक्षण गर्ने प्रशासकबाट उनीहरुलाई गर्ने उपयुक्त अनुशासनात्मक कार्यवाहीको निर्धारण नगरे सम्म कक्षावाट हटाइने छ ।

निम्न वमोजिमका उलंघनहरुको परिणति विद्यालयवाट हटाउने, करार अन्तरगत फीर्ता गर्ने वा तत्काल निष्काशन गर्ने लगायतको अनुशासनात्मक कार्यवाही हुनेछ :

कर्मचारी प्रति, विद्यार्थीहरु प्रति, सर्वसाधरण जनता प्रति, विद्यालयको सम्पत्ति प्रति वा विद्यालयले संचालन गरेको संस्थापनहरु प्रति हुने हिसाँत्मक ब्यवहार वा हिसाँत्मक व्यवहारको धम्की सहय हुने छैन ।

इमिली ग्रिफिथ टेक्निकल कलेजले प्रयोग गर्ने कुनै पनि स्थानमा कुनै वन्दुक, हातहतियार, विस्फोटक उपकरण वा कोलोराडोको कानुनले परिभाषित गरेको गैरकानुनी हतियार कुनै पनि व्यक्तिले आफ्नो साथमा राख्न हुदैन ।

लडाइ भगडा गर्ने, शारीरिक नोक्सानी गर्ने, धम्की दिने, वा यौन उत्पीडन गर्ने काम गर्ने ।

मौखिक गालीगलौज गर्ने, डरत्रास देखाउने वा प्रशिक्षक विद्यार्थीहरु वा कर्मचारीहरुलाई सताउने काम गर्ने ।

अधिकार प्राप्त व्यक्तिलाई जानीजानी अवज्ञा गर्ने ।

मादकपदार्थ, अवैध लागू औषध वा कोलोराडोको संशोधित कानुनको खण्ड १२-२२-३०३ ले परिभाषित गरे अनुसारको नियन्त्रित पदार्थहरु वितरण गर्ने, साथमा राख्ने, प्रयोग गर्ने, वा यिनीहरुको नसामा रहने ।

गिरोह (ग्याङ) संग सम्वन्धीत क्रियाकलापहरु गर्ने जस्तो रंगहरु, हस्त चिन्हहरु, अश्लील चित्रहरु, लुगाकपडा, गहना, नोटवुकहरु, ट्रेडमार्कहरु, तथा गिरोहको सम्वद्धता जनाउने अन्य कुनै विशेष चिन्हहरु जस्ता गिरोह सम्वन्धी विशेषताहरु भएका कुराहरु ।

स्कूलको सम्पत्ति अथवा अरु कसैको सम्पत्तिको नास गर्ने, बिगार्ने वा चोरी गर्ने ।

वेइमानी गर्ने, ठगी गर्ने, स्वचातारी गर्ने, सृजना चोरी गर्ने, वा जानी जानी भूठा जानकारी दिने ।

विद्यालयका दस्तावेजहरु अभलेखहरु पहिचान गराउने सामाग्रीहरु, शैक्षिक सामाग्रीहरुको कीर्ते गर्ने, फेरबदल वा दुरुपयोग गर्ने र इन्टरनेटको पहुचलाई दुरुपयोग गर्ने ।

अश्लीलहरु वा अशिष्टताहरुको प्रयोग गर्ने ।

परिसरमा वा करीव त्यस्को नजिकमा कुनैपनि किसिमको जुवा खेल्ने, च्याखे थाप्ने वा बाजी थाप्ने काम गर्ने ।

विद्यालयको भवनमा तथा उपकरणहरुमा अनाधिकारीक प्रबेश वा प्रयोग ।

सामानहरुको अनाधिकार वितरण वा विक्रि गर्ने वा विद्यालयको बुलेटिन वोर्डहरुमा वा भवनका सतहरुमा सामाग्रीहरु अनाधिकार रुपमा टास्ने ।

इमिली ग्रिफिथ टेक्निकल कलेजका कुनै पनि भवनहरुमा, पसलहरुमा वा इमिली ग्रिफिथ टेक्निकल कलेजको कुनै पनि सम्पत्तिमा वसेर धुम्रपान गर्ने ।

प्रशिक्षकको सहमति विना कक्षाकोठामा खाना वा पेयपदार्थ ल्याउने वा खाने ।

भवनमा कुनै पनि दुइपाग्रे सवारी साधन पार्क गर्ने ।

विद्यार्थीहरुले केटाकेटीहरुलाई कक्षाकोठा ल्याउने वा विद्यालयको सम्पत्ति वा मैदानहरुमा कसैको साथ बिना वा सुपरिवेक्षण विना केटाकेटीहरुलाई छोड्ने ।

कुनै पनि किसिमका जनावारहरु वा घर पालुवा जनावरहरु विद्यालय भवनमा ल्याउने ।
(अपवाद : हेर्न तथा सुन्नको लागि कुकुरहरु । )

साथीहरुलाई भवनमा ल्याउने । परामर्शदातासंग भेटघाट गर्न वा कक्षाहरु हेर्नका लागि सम्भावित विद्यार्थीहरुलाई मात्र आगन्तुक पासहरु दिइनेछ ।

कक्षा चलेको वेला हेडफोनहरुको, सेलुलर फोनको, पेजरको वा त्यस्तै किसिम कुनै विधुतीय उपकरणको प्रयोग गर्ने ।

शैक्षिक प्रकृयालाई दखल पार्ने भनी निक्यौल गरिएको कुनै पनि किसिमको लुगा लगाउने जस्मा शरीर देखिने खालको छोटाछोटा लुगाहरु लगाउने, हल्टरहरु लगाउने वा अन्य लुगाहरु लगाउने कुरा पर्दछन् ।

डेनभर पब्लिक स्कूल्सको विद्यार्थी आचारण र अनुशासन नीतिमा उल्लेख गरिए जस्तै अरु आचरण सम्बन्धी नीतिहरु वा अन्य उपयुक्त नीतिहरु बेग्ला बेग्लै कक्षा कोठाहरु वा कार्यक्रम भित्रै निर्माण हुन्छन् ।

***सबैलाई अध्याधिक पठन पाठनको बाताबरण प्रदान गर्न यी नीतिहरु निर्माण गरिएका छन् ।***

**अगस्ट १३**